दैनिक
# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १५ | बुटवल | २०८२ पौष २५ गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday January 09, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१


## आम चुनावमा नयाँ अभ्यास :

# दलीय संगठनमा लागेका कर्मचारी नखटाइने




**लुम्बिनी संवाददाता**

*बुटवल*

राजनीतिक दलसम्बद्ध संगठनमा भएका कर्मचारीलाई ले आगामी निर्वाचनमा नखटाउने भएको छ। फागुन २१ निर्धारित प्रतिनिधिसभा सदस्य निर्वाचनमा खटिने कर्मचारीले आफ्नो वडामा समेत जान पाउने छैनन्।

निर्वाचन आयोगद्वारा जारी जनशक्ति व्यवस्थापनका लागि 'प्रतिनिधिसभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०८२' स्वीकृत भएपछि यस्तो व्यवस्था लागू हुने भएको हो।

निर्वाचन आयोग ऐन, २०७४ को दफा ८० ले दिएको अधिकार प्रयोग गरी उक्त निर्देशिका तयार पारिएको आयोगले जनाएको छ। उक्त निर्देशिकाले निर्वाचनमा खटिने कर्मचारी, शिक्षक र सुरक्षाकर्मीको परिचालनलाई कानुनसम्मत र व्यवस्थित बनाएको आयोगको भनाइ छ।

निर्वाचनलाई जनशक्ति अभाव हुन नदिने र प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने नीति लिएको छ। विद्युतीय मतदान हुने स्थानमा सोही अनुसारको दक्ष जनशक्ति परिचालन गर्ने र मतपत्रमार्फत् हुने मतदानमा सुरक्षा र गोपनीयतालाई उच्च प्राथमिकता दिने निर्देशिकामा उल्लेख छ।

निर्देशिकाको प्रभावकारी कार्यान्वयनले निर्वाचनमा हुने सक्ने धाँधली र कर्मचारीको राजनीतिक प्रभावलाई न्यूनीकरण गर्दै आम मतदाताको विश्वास जित्न सफल हुने आयोगका पदाधिकारीले बताएका छन्।

निर्देशिकाअन्तर्गत नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका कर्मचारी साथै सरकारको स्वामित्वमा रहेका वा अनुदानमा सञ्चालित संस्थाका कर्मचारी पर्नेछन्।

त्यस्तै, विश्वविद्यालय तथा सामुदायिक विद्यालयका शिक्षक र कर्मचारीलाई पनि निर्वाचनको जनशक्तिमा समेटिएको छ। निर्देशिका अनुसार काजमा रहेका, करारमा कार्यरत वा ज्यालादारीमा रहेका कर्मचारीलाई समेत आवश्यकताअनुसार निर्वाचनको काममा खटाउन सकिने प्रावधान छ।

यसपटक आयोगले निर्वाचनको निष्पक्षता कायम गर्न कर्मचारी परिचालनमा विशेष कडाइ गरेको छ।

निर्देशिकाको दफा २२ अनुसार निजामती कर्मचारी, शिक्षक वा अन्य सरकारी निकायमा कार्यरत राष्ट्रियस्तरको ट्रेड युनियनका पदाधिकारीलाई निर्वाचनको काममा निषेध गरेको छ।

यसैगरी कुनै कर्मचारीको घर वा ठेगाना भएको वडामा सोही कर्मचारीलाई मतदान अधिकृत वा सहायक मतदान अधिकृतको रूपमा खटाउन नपाइने व्यवस्था गरिएको छ।

शिक्षकको हकमा उनीहरू कार्यरत रहेको विद्यालयको क्षेत्र वा घर भएको वडामा खटाउन नपाइने व्यवस्था छ। यस्तै, कुनै उम्मेदवारको नजिकको नातेदार रहेको कर्मचारीलाई पनि सम्बन्धित निर्वाचन क्षेत्रमा खटाइने छैन।

आयोगले केन्द्र र जिल्लास्तरमा शक्तिशाली समितिको व्यवस्था गरिएको जनाएको छ। केन्द्रमा निर्वाचन आयुक्तको संयोजकत्वमा 'केन्द्रीय जनशक्ति व्यवस्थापन समिति' रहनेछ।

जसमा गृह, रक्षा, संघीय मामिला, शिक्षा र कानुन मन्त्रालयका सह-सचिव सदस्य रहनेछन्। यस समितिले देशभरिको जनशक्ति परिचालनको योजना बनाउने र आवश्यक परे एक जिल्लाको जनशक्ति अर्को जिल्लामा पठाउन निर्देशन दिनेछ।

जिल्ला तहमा प्रमुख जिल्ला अधिकारी (सीडीओ) को संयोजकत्वमा 'जिल्ला जनशक्ति व्यवस्थापन समन्वय समिति' रहने छ। यस समितिमा जिल्ला समन्वय अधिकारी, कोष नियन्त्रक र जिल्ला प्रहरी प्रमुख सदस्य रहनेछन् भने निर्वाचन अधिकारी सदस्य-सचिव रहनेछन्। यो समितिले जिल्ला भित्रका सरकारी कर्मचारी र शिक्षकको विवरण अद्यावधिक गर्ने र मतदान केन्द्रमा आवश्यक पर्ने जनशक्तिको सूची तयार पार्नेछ।

निर्देशिकाले मतदान केन्द्रको आकारअनुसार कर्मचारीको सङ्ख्या तोकेको छ। ५०० सम्म मतदाता भएको मतदान केन्द्रमा एक जना मतदान अधिकृत, एक जना सहायक मतदान अधिकृत, तीन जना सहायक कर्मचारी र एक जना सहयोगी कर्मचारी गरी कुल ६ जना कर्मचारी खटिनेछन्। त्यस्तै, दुई जना स्वयंसेवक पनि सोही केन्द्रमा रहनेछन्।

५०० भन्दा बढी मतदाता भएको केन्द्रमा भने स्वयंसेवकको संख्या तीन पुऱ्याइनेछ।

अस्थायी मतदान केन्द्रको हकमा मतदान अधिकृत, सहायक मतदान अधिकृत र सहयोगी कर्मचारी एक-एक जना र दुई जना स्वयंसेवक रहने व्यवस्था गरिएको छ। आयोगले महिला र पुरुष कर्मचारीको सङ्ख्या मिलाएर समावेशी सिद्धान्तअनुसार कर्मचारी खटाउन निर्देशन दिएको छ। मतदान सकिएपछि सुरु हुने मतगणना कार्यलाई छिटो र छरितो बनाउन निर्देशिकाले 'मतगणना टोली' को संरचना पनि स्पष्ट पारेको छ।

» बाँकी ३ पेजमा

## ८० हजार सेना परिचालन हुने

बुटवल। नेपाली सेनाले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ८० हजार जनशक्ति परिचालन गर्ने तयारी गरेको छ।

नेपाली सेनाका सहायक रथी एवम् प्रवक्ता राजाराम बस्नेतले निर्वाचनका सन्दर्भमा एकीकृत सुरक्षा योजना २०८२ अनुमोदन भई राष्ट्रपतिबाटसमेत स्वीकृत भइसकेकाले सोहीअनुसार फौज परिचालन हुने जानकारी दिए।

उनले भने-'निर्वाचनका लागि एकीकृत सुरक्षा योजनाले मार्ग निर्देशन गरेअनुरुप निर्वाचनको एक महिना अघिबाट फिल्डमा सेना परिचालन हुनेछ।'

एकीकृत सुरक्षा योजना सरकारबाट अनुमोदन र सेनाको परिचालनका सम्बन्धमा राष्ट्रिय सुरक्षा परिषद्बाट पनि स्वीकृत भइसकेको छ। निर्वाचनका सिलसिलामा सेनाले तीन चरणमा काम गर्नेछ। निर्वाचनपूर्वको मुख्य जिम्मेवारी मतपत्र छपाइ सुरक्षादेखि महत्वपूर्ण संरचनाको सुरक्षाको जिम्मेवारी सेनाले बहन गर्नेछ।

नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपालसँगको समन्वय र सहकार्यमा विमानस्थल, कारागारलगायत महत्वपूर्ण संरचनाको सुरक्षा जिम्मेवारी नेपाली सेनाले गर्नेछ।

निर्वाचनका सिलसिलामा सेनाले चार वटै सुरक्षा निकाय र जिल्ला प्रशासनसँगको समन्वय, सहयोग र सहकार्यमा तल्लो तहसम्म निर्वाचनसँग सम्बन्धित एकीकृत तालिम र अभ्यास सञ्चालन गर्नेछ। निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्ने कार्यमा सहज होस् भन्ने हेतुले उक्त तालिम र अभ्यास गरिने छ।

» बाँकी ३ पेजमा

## जेनजी आन्दोलनको क्षतिको पुनर्निर्माणमा ३६ अर्ब बढी लाग्ने



बुटवल। गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा भएको भौतिक क्षतिको पुनर्निर्माण, मर्मत तथा नयाँ संरचना तयार गर्न ३६ अर्ब ३० करोड रुपैयाँ लागत पर्ने भएको छ।

आन्दोलनमा भएको क्षतिको मूल्याङ्कन र सार्वजनिक संरचनाको पुनर्निर्माण योजना तयार गर्न मन्त्रिपरिषद् बैठकले गत असोज ५ गते राष्ट्रिय योजना आयोगका सचिवको संयोजकत्वमा गठन गरेको पाँच सदस्यीय समितिले सो लागत लाग्ने प्रतिवेदन तयार गरेको हो।

'पुनर्निर्माण कार्ययोजनाअनुसार सार्वजनिक क्षेत्रमा क्षति भएका भवनको पुनर्निर्माण /मर्मत र सवारी साधन तथा अन्य भौतिक वस्तुहरूको खरिद/मर्मतका लागि ३६ अर्ब ३० करोड २१ लाख रुपैयाँ लाग्ने अनुमान गरिएको छ।'-प्रतिवेदनमा भनिएको छ।

क्षति भएका भवनको पुनर्निर्माणतर्फ १९ अर्ब ९८ करोड ९८ लाख, सवारी साधनको खरिद/मर्मततर्फ ६ अर्ब १६ करोड ८० लाख र अन्य भौतिक वस्तुको खरिद तथा मर्मतका लागि १० अर्ब १४ करोड ४२ लाख अनुमान गरिएको छ।

समितिले तयार गरेको प्रतिवेदनअनुसार आन्दोलनमा कुल ८४ अर्ब ४५ करोड ७७ लाख रुपैयाँको भौतिक क्षति भएको छ। यो रकम देशको कुल गार्हस्थ्य उत्पादनको १.३८ प्रतिशत र चालु आर्थिक वर्षको बजेटको ४.३० प्रतिशत हो।

कुल क्षति रकममध्ये सरकारी र सार्वजनिक क्षेत्रमा ५३ प्रतिशत, निजी क्षेत्रमा ४० प्रतिशत र सामुदायिक तथा अन्य क्षेत्रमा ७ प्रतिशत अंश रहेको छ।

प्रदेशगत रुपमा बागमतीमा सबैभन्दा धेरै क्षति भएको छ। कुल क्षतिमा यस प्रदेशको क्षति हिस्सा ६६.५ प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ।

रकमका आधारमा कोशी प्रदेशमा १० अर्ब २४ करोड, मधेश प्रदेशमा ४ अर्ब ९२ करोड, बागमती प्रदेशमा ५६ अर्ब २३ करोड, गण्डकीमा ४ अर्ब १ करोड, लुम्बिनीमा ५ अर्ब ९९ करोड, कर्णालीमा ६२ करोड तथा सुदूरपश्चिम प्रदेशमा २ अर्ब ४० करोड रुपैयाँ बराबर क्षति भएको छ।

'आन्दोलनको क्रममा उत्पन्न परिस्थितिका कारण वस्तु तथा सेवा उत्पादनमा १३ अर्ब ८७ करोड ५६ लाखको नोक्सानी पुगेको देखिन्छ,' प्रतिवेदनमा भनिएको छ - 'रोजगारीतर्फ २,९९९ व्यक्तिको रोजगारीमा प्रत्यक्ष प्रभाव परेको देखिन्छ, जसमध्ये २,३५३ जनाले पूर्णरूपमा रोजगारी गुमाएको देखिन्छ।' आन्दोलनको क्रममा कुल २,६७१ भवन क्षतिग्रस्त भएका छन्, जसमध्ये ७९.८ प्रतिशत सार्वजनिक भवन रहेका छन्।

भवनमा ३९ अर्ब ३१ करोड ७५ लाख, सवारी साधनमा १२ अर्ब ९३ करोड ६१ लाख, अन्य भौतिक सम्पत्तिमा २० अर्ब ३६ करोड ४० लाख, नगद तथा बहुमूल्य वस्तुमा २ अर्ब ८१ करोड ३४ लाख र बाँकी रकम ९ अर्ब २ करोड ६७ लाख अन्य अस्थायी सम्पत्ति तथा निजी सम्पत्तिमा क्षति भएको विवरणमा उल्लेख छ।

आन्दोलनको क्रममा भएको मानवीय क्षति पनि प्रतिवेदनमा उल्लेख गरिएको छ। कुल ७७ जनाको मृत्यु भएको थियो। जसमध्ये ७३ जना पुरुष र ४ जना महिला थिए। मृत्यु भएकामध्ये १३ देखि २८ वर्ष उमेर समूहका ३९ जना थिए।

## गुल्मी २ मा गोकर्णको एकल सिफारिसविरुद्ध चार जनाको नाम थप



गुल्मी। गुल्मी-२ मा एमालेको क्षेत्रीय कमिटीबाट एकल सिफारिस भएका उपाध्यक्ष गोकर्ण विष्टमाथि जिल्ला कमिटीले चार जनाको नाम थपेको छ। निर्वाचन क्षेत्रीय कमिटीको बैठकले गरेको सिफारिसमा चार जनाको नाम थपेर जिल्लाले केन्द्रमा पठाएको हो। पहिलो नम्बरमा भने गोकर्ण नै छन्।

जिल्ला कमिटीका अध्यक्ष बालसिंह काउछाले बुधबार थप आकांक्षीसहितको नामसहित पठाएको सिफारिस पत्र अध्यक्ष केपी शर्मा ओलीको सचिवालयमा दर्ता भएको दाबी गरिएको छ। सिफारिस हुने अन्यमा नेतृ रामकुमारी झाँक्री, प्रेस चौतारीका पूर्वअध्यक्ष राजेन्द्र अर्याल, डा. नागेन्द्रबहादुर अर्याल र कृष्ण आचार्य पनि छन्। झाँक्रीलाई भने एमालेले राष्ट्रियसभामा उम्मेदवार बनाइसकेको छ।

केन्द्रमा पठाएको पत्रमा काउछाले ६ जना आकांक्षीबिच आपसमा छलफल वा सहमति भएको कुनै जानकारी जिल्ला पार्टी कार्यालयमा नभएको जनाएका छन्।

विष्टको एकल नाम सिफारिस गरेको पत्र प्राप्त भएको, तर अन्य ५ जनाबिच छलफल र सहमति नभएको भन्दै उम्मेदवारले निवेदन दिएकोले थपेर सिफारिस गरिएको उनको दाबी छ। पत्रमा उल्लेख भएअनुसार आकांक्षीमध्ये जीवन खरेलले पदाधिकारी बैठकमा नाम फिर्ता लिएका थिए।

# विशेष महाधिवेशनलाई काउन्टर दिन संस्थापनको युवा-विद्यार्थी भेला

बुटवल। नेपाली कांग्रेसको संस्थापन पक्षले विशेष महाधिवेशन पक्षधरलाई काउन्टर दिन छुट्टै भेला गर्ने भएको छ।

सभापति शेरबहादुर देउवा निवासमा बसेको संस्थापन पक्षको बैठकले २७ मा युवा र २८ मा जिल्ला सभापति भेला गर्ने निर्णय गरेको एक नेताले बताए।

महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले पुस २७ र २८ गतेका लागि विशेष महाधिवेशन आह्वान गरेका छन्। दुवै पक्षले आ-आफ्नो तयारी अघि बढाएपछि पार्टी विभाजनतर्फ अघि बढेको छ।

संस्थापन पक्ष सहमतिमा नआए पनि आफूहरू विधानअनुसार अघि बढेको भन्दै नेतृत्व चयन गरेरै अघि बढ्ने विशेष महाधिवेशन पक्षधरको तयारी छ। महामन्त्रीद्वयले पार्टी कार्यसम्पादन समितिको बैठकको निर्णय नमानेको भन्दै संस्थापन पक्षले पनि बेग्लै तयारी थालेको हो।

**सहमति गर्न शेखरको आग्रह**

नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले विशेष महाधिवेशन पक्षधरसँग संवाद गरेर सहमतिको वातावरण निर्माण गर्न दबाब बढाएका छन्।

सभापति शेरबहादुर देउवासँग बिहीबारको भेटमा नेता कोइरालाले 'पार्टीमा को के हुनेभन्दा पनि पार्टी एकता जोगाउने' विषय महत्वपूर्ण हुने भन्दै बृहत्तर सहमतिका लागि पहल गर्न आग्रह गरेका हुन्।

महाराजगञ्जस्थित देउवा निवास पुगेर नेता कोइरालाले महामन्त्रीद्वयले विशेष महाधिवेशन आह्वान गरिसकेको अवस्थामा सबै पक्षको सम्मान हुनेगरी समाधान खोज्न देउवाको ध्यानाकर्षण गराएका हुन्।

उनले कांग्रेसको सभापति को बन्ने वा नबन्नेभन्दा पनि कांग्रेस सग्लो रहने वा नरहने भन्ने कुरा महत्वपूर्ण रहेको देउवालाई बताएका छन्।

'म भोली सभापति बनुला वा नबनुला। तपाईंले सहयोग गर्नुहोला वा नहोला। त्योभन्दा महत्वपूर्ण कुरा कांग्रेसको एकता हो। एकता जोगाउन तपाईंले पहल लिनुस।'-देउवालाई शेखरले भनेका छन्। जवाफमा सभापति देउवाले पछिल्लो परिस्थितिप्रति आफू चिन्तित रहेको भन्दै सबैसँग संवादका लागि तयार रहेको बताएका छन्।

सभापति देउवासँग छलफलका क्रममा नेता कोइरालाले महामन्त्रीहरुले आह्वान गरिसकेको अवस्थामा भृकुटीमण्डपमा बोलाइएको विशेष महाधिवेशनलाई नै संकल्प सभामा परिणत गरेर निकास खोज्न सुझाव दिएका छन्।

'विधानतः समयमै महाधिवेशन हुनुपर्छ भन्नेमा म सधैं उभिएको छु। अहिले चुनावका र अन्य चुनौतीका कारण पार्टी समस्यामा छ। यस्तो बेलामा उहाँहरुले बोलाएकै भेलालाई पनि साझा मञ्च बनाएर एकता जोगाउन तयार हुनुपर्छ।'-शेखर भने।

शेखरले महामन्त्रीद्वयसँग संवाद गर्न, कुरा सुन्न र समाधानको विकल्प खोज्न देउवामाथि दबाब बढाएका हुन्। बिहीबार नै २ बजेपछि उप-सभापति धनराज गुरुङ र सहमहामन्त्रीद्वय बद्री पाण्डे र जीवन परियारसहित शेखरले पुनः सभापति देउवासँग छलफल गरेका छन्।




## सम्पादकीय

# दिल्ली दौडलाई पारदर्शी बनाऊ

नेकपा अध्यक्ष एवं पूर्व प्रधानमन्त्री पुष्पकमल दाहालसहितका नेताहरूको अहिलेको दिल्ली यात्रा र संवाद अस्वभाविक छ। विभिन्न कार्यक्रमको बहाना गरेर दिल्ली पुग्ने, तर खासमा भारतीय संस्थापनका उच्च अधिकारीहरूसँग भेटघाट गर्ने र राजनैतिक संवाद गर्ने पुरानै प्रवृत्ति यसपल्ट धनिभूत ढंगले दोहोरिएको छ। यस्तो अपारदर्शी संवादले राजनैतिक निकास निकाल्ने नभई दीर्घकालका लागि मुलुकलाई कमजोर बनाउन सक्छ।

मुलुकमा फागुन २१ चुनावको मिति घोषणा भएको छ। यो मितिमा चुनाव हुन्छ कि हुँदैन भन्ने अन्योल र सशंय कायमै छ। सरकार चुनावको तीव्र तयारीमा लागिरहेको बताइरहँदा सुरक्षा संयन्त्रको मनोबल उस्कन सकेको छैन। यही बेला पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल र बाबुराम भट्टराई दिल्ली पुगेर फर्केका छन्। उनीहरू केही औपचारिक कार्यक्रममा सहभागी भएको सार्वजनिक भएको छ। त्यसबाहेक उनीहरूको भेटवार्ता र छलफल को-कोसँग भयो भन्ने प्रष्ट भएको छैन। कांग्रेस नेतृ एवं पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा पत्नी आरजु देउवा राणा पनि दिल्ली पुगेकी छिन्। राष्ट्रिय स्वतन्त्र पार्टीका उप-सभापति स्वर्णीम वाग्लेको पनि दिल्ली जाने कार्यक्रम तय भएको छ। विवेकानन्द फाउण्डेशनले आयोजना गरेको कार्यक्रममा सहभागी हुन उनी दिल्ली जान लागेको र विभिन्न नेताहरूसँग भेटघाट हुने उनले बताएका छन्। विदेशी मञ्चमा नेताहरूले आफ्नो र मुलुकका बारेमा धारणा राख्नु स्वभाविकै हुन्छ। यस्तो हुनु मुलुकको लागि राम्रै हो। तर भ्रमणका क्रममा राजनैतिक र गुप्तचर निकायका व्यक्तिसँगको अस्वभाविक भेट र गोप्य कुराकानीप्रति प्रश्न उठ्नु स्वभाविक छ।

कुनै छिमेकी मुलुकका अधिकारीसँग भेट गर्नै हुन्न भन्ने पटक्कै होइन, उनीहरूसँग हुने भेट पारदर्शी हुनुपर्छ। आवरणमा एउटा कार्यक्रम देखाउने, तर अर्कै उद्देश्यले दिल्ली पुग्ने नेताहरुको प्रवृत्ति बढ्दो छ। नेपालको राजनीतिलाई दिल्ली विना निकास निकाल्न सकिँदैन भन्ने मनोविज्ञान नेताहरूमा विकास हुनुले नेपालको राजनीतिलाई अप्ठ्यारो बाटोतिर लैजाने जोखिम छ। आन्तरिक मामिलामा दलहरू बसेर पारदर्शी छलफल गर्ने र निकास निकाल्ने बानी विकास गर्दा मुलुक बलियो हुनसक्छ।

अपारदर्शी भेट र कुराकानीले आन्तरिक शक्तिबिच एकता नभई विभाजन हुनसक्छ। आन्तरिक शक्तिबिचको मतभेदले निकास निकाल्ने नभई बल्भाउने जोखिम हुन्छ। राजनैतिक अस्थिरता र शक्ति संघर्षले अन्ततः मुलुक कमजोर हुने हो। राजनैतिक दलका नेताहरूको दिल्ली दौड पारदर्शी गर्न सक्दा मुलुकको हितमा हुन्छ। उनीहरूको भेट र कुराकानी पारदर्शी हुँदा आन्तरिक शक्तिबिच विश्वास बढ्छ, यसले विभाजन होइन, एकताको कसिलो यात्रा सुरु हुन्छ।

# भेनेजुएलामाथिको अमेरिकी आक्रमण



**विन बहादुर कुँवर**

*नेता- कार्यकर्ता र आम नागरिक यतिसम्मकि जेनजी नवयुवा सबै एकजुट भई देशको राष्ट्रिय-स्वाभिमान अनि सार्वभौम अस्तित्व रक्षाका लागि नेपालको राष्ट्रिय मुक्ति संघर्षमा जुटौं। विश्व साम्राज्यवादी र यसका दलाल र गद्दारहरूलाई न यो मातभूमिप्रति माया छ न यो देशको राष्ट्रिय भाषा-संस्कृति, रीतिरिवाज र परम्पराप्रति नै माया र ममता छ। आज सिंहदरबार जल्यो भोलि पशुपतिनाथ जलाइनेछ। त्यसपछि गौतमबुद्ध जन्मस्थल लुम्बिनी जलाइनेछ। अन्त्यमा विश्वको सर्वोच्च हिमाल शिखर सगरमाथा समेत जलाइने वा भत्काइने छ।*

विश्वका हरेक मुलुक वा राष्ट्रहरुको आ-आफ्नै राष्ट्रियता र स्वाभिमान अनि सार्वभौम स्वतन्त्रता छ। देश सानो वा ठूलो जे सुकै होउस् त्यो सबैको समानता छ। त्यो संयुक्त राष्ट्र संघको घोषणामा उल्लेख छ। यस अर्थमा विश्वका ठूला वा शक्तिशाली राष्ट्रहरु जस्तो अमेरिका, चीन, भारत, रुस, ब्रिटेन आदि मुलुक अनि नेपाल, भुटान, फिजी आदि जस्ता साना र कम विकसित राष्ट्रहरु सबैको एउटै स्वाभिमान अनि सार्वभौमिक अधिकार समान छ। तर आजको यो विश्व परिवेशमा जसको शक्ति उसैको भक्ति अर्थात उसैको हस्तक्षेप र आक्रमण हुने गरेको छ। यसको ज्वलन्त उदाहरण हालै मात्र भेनेजुएलामाथि अमेरिकाले गरेको हस्तक्षेप र आक्रमण। यस्तै हस्तक्षेप र आक्रमण यसभन्दा पहिले पनि यस्ता थुप्रै मुलुकहरुमा भएको छ। उदाहरण इराक, अफगानिस्तान, लिबिया, प्लेस्टाइन, युक्रेन आदि मुलुकहरु छन्।

हालै मात्र भेनेजुएलामाथि अमेरिकाले खुलम्खुला नाङ्गो हस्तक्षेप र अतिक्रमण गरी त्यहाँका राष्ट्रपति निकोस मादुरो र उनकी श्रीमतीलाई उनकै निवासमा लुटेराले जस्तै पसी रातारात अपहरण गरी अमेरिका ल्याई पुऱ्याएको छ। यो हो अमेरिकी डकैटी र लुटेरा प्रवृत्ति। जस्तो कुनै एउटा लुटेरा वा डकैटी अपहरणकारी ग्याङले कुनै पूर्व जानकारीविहीन एकाएक एक्कासी हमला र आक्रमण गरी लुटि लैजान्छ त्यस्तै स्थिति आज अमेरिकाले भेनेजुएलामाथि गरेको छ। यदि अमेरिकी राष्ट्रपतिको हिम्मत भए खुलम्खुला दिउँसै घोषणा गरेर त्यहाँ आक्रमण गरी उनीमाथि हमला गर्नु पर्दथ्यो। हुन त यो अमेरिकाको पहिलो कदम मात्र होइन। यसभन्दा पहिले पनि इराक, लिबिया र अफगानिस्तानमा यस्तै अतिक्रमण गरिसकेको थियो। त्यस्तै अब विश्वका केही अरु मुलुकहरुमा पनि यस्तै गर्ने धम्की दिन थालेको छ। यो अमेरिकी साम्राज्यवादको कमरेड लेनिनले भने जस्तै अन्तिम मरणासान्न अवस्था हो।

कमरेड लेनिनको यो साम्राज्यवादी अन्तर्राष्ट्रिय महत्वको वैचारिक र व्यवहारिक सिद्धहस्तलाई क. स्टालिनले रुसलगायत अन्य विश्वका थुप्रै मुलुकहरुमा नै लागू गरी देखाउनु भयो भने चीनमा क. माओले पनि पुष्टि गरी देखाउनुभयो। उहाँले साम्राज्यवादी नियमको बारे भन्नुभयो- 'गडबढी मच्चाउने र विफल हुने अनि फेरि गडबढी बच्चाउने र फेरि असफल हुने र फेरि पनि विफल हुने र यस प्रकारले आफ्नो अन्तिम पतनको घडीसम्म यसै गरिरहन्छ।' ठीक अहिले यो अमेरिकी साम्राज्यवादले देखाउन थालेको छ। क. माओले यसरी यसको विरोध मात्रै होइन यो साम्राज्यवादको विकास र विनासको अन्तिम अवधि पनि किटान गरिदिनु भएको छ। जुन अवधि आगामी ५० देखि १०० वर्ष हो भनी उल्लेख गर्नु भएको छ। ठीक यो अवधिको थालनी अब भइसकेको छ। मर्ने बेलामा कमिलाका पनि प्वाख आउँछ वा मर्ने बेलाको बत्ती भने जस्तै अहिले विश्व साम्राज्यवाद चारैतिर चम्केको छ। तर कुनै देश जतिसुकै सानो किन नहोस् तिनीहरुले हतियार उठाउने आँट गर्दछन् भने यो धर्तीको सबभन्दा शक्तिशाली शक्ति र प्रभुत्वकारीलाई हराउन सक्छन्। विश्व इतिहासले यसको पुष्टि गरिसकेको छ। जस्तो हालै मात्र यो घटनाको विरोध गर्दै उत्तरकोरियाले दुई ठूला शक्तिशाली क्षेप्यास्त्रको प्रयोग गरी अमेरिकालाई चुनौती देखाइदिएको छ।

अहिले अमेरिकाले जुन बहानाबाजी अर्थात् एउटा व्यासो र बाख्राको सानो पाठोको कथामा जस्तै निहुँ खोजेर भेनेजुएलामाथि आक्रमण गरी त्यहाँका राष्ट्रपतिलाई अपहरण गरेको छ। त्यो सबै साम्राज्यवादी लुटेरा प्रवृत्ति हो। मुख्य त त्यहाँको बहुमूल्य खनिज अनि पेट्रोलियम पदार्थमाथिको डकैटी हो। यति हुँदा पनि विश्व दुनियाँ मौन छ, खाली केही विरोधका सामान्य स्वर मात्रै छ। अहिलेका विश्व शक्तिशाली राष्ट्र भनिने चीन र रुस जसलाई अमेरिकाले एकातिर ताइवानको समस्या देखाएर चीनलाई अल्झाइरहेको छ भने अर्कोतिर रुसलाई युक्रेनको समस्यामा अल्झाई युद्ध नै थोपरेको छ। तै पनि अति भएपछि खति हुन्छ नै। विश्वका आम उत्पीडित राष्ट्र र जनता यो साम्राज्यवादी अतिकाविरुद्ध एक दिन सबै एकजुट भई जुरुक्कै उठने निश्चित छ। त्यो दिन बल्ल क. माओले भने जस्तै सबै साम्राज्यवाद र प्रतिक्रियावादीहरु वास्तविक कागजी बाघ मात्रै भएको पुष्टि भई जानेछ।

भेनेजुएलामाथिको यो अमेरिकी दादागिरीले विश्वका धेरै जसो राष्ट्रहरुलाई तर्साउन थालेको छ। संयुक्त राष्ट्र संघमा उल्लेखित नाराहरु ती सबै हात्तिका देखाउने दाँत जस्तै भएका छन्। राष्ट्रको स्वतन्त्रता र स्वाधिनता सबै खोक्रा सावित भएका छन्। स्वयं हाम्रो देश नेपाल पनि यो अमेरिकी हस्तक्षेपबाट तर्सिनुपर्ने भइसकेको छ। एक प्रकारले अहिले नै नेपालको स्थिति भेनेजुएलाको जस्तै पो हो कि ? बुझ्नु पर्ने भएको छ। कतै नेपालमा भएको जेनजी आन्दोलनका पछाडि पनि यस्तै साम्राज्यवादी योजना र हस्तक्षेपमा आधारित त छैन ? जस्तो भेनेजुएलामाथिको यो आक्रमण र हस्तक्षेप त्यहाँको बहुमूल्य खनिज पदार्थ र पेट्रोलियमका लागि भएकोमा कुनै शंका छैन। ठीक यो हाम्रो देशमा पनि मुस्ताङ र म्याग्दीमा पाइएको युरेनियम धातु अनि दैलेखमा पाइएको अपार पेट्रोलियम पदार्थप्रति अमेरिकी गिद्धेदृष्टिकै कारण यो जेनजी मुभमेण्ट चालिएको त होइन ? शंका गर्ने ठाउँ प्रशस्त छ।

त्यसैले मैले पटकपटक लेखी भन्ने गरेको छु, फिनी हराएको थाहा छैन गहुँका गेडा गन्ने अर्थात् सिंगो देशको राष्ट्रिय स्वाभिमान र सार्वभौमिकता नै हनन हुन थालिसकेको छ तर हाम्रा देशका नेताहरु खाली संविधान बचाउने वा फाल्नेमा विवाद छ त्यसैका लागि खाली चुनावी नाटक मन्थन हुँदैछ। देशमा अमेरिकी साम्राज्यवाद घुसिसकेको छ। एमसीसी पारित भइसकेको छ। एसपीपी पारित गर्ने षड्यन्त्र भइसकेको छ। जेनजी आन्दोलनद्वारा एनजीओ नागरिक सरकार बनाइसकेको छ। आगामी निर्वाचनमा दुई तिहाई बहुमत पुऱ्याएर संवैधानिक रुपले नै यी सबै अमेरिकी योजना र डिजाइनअनुसार नै पारित गराई छाड्ने षड्यन्त्र भइरहेको छ। यसैका लागि रवि लामिछानेको जेलबाट रिहाई अनि रवि-बालेन र कुलमानबिचको पार्टी एकता। यता बाबुराम-जनार्दनबिचको पार्टी एकता। कांग्रेसभित्र गगन थापाको विशेष महाधिवेशन। यी सबै श्रृंखलाले ढिलो चाडो यो मुलुकले भेनेजुएलाकै नियति भोग्नु पर्ने त होइन ? सबै सचेत हुनु जरुरी छ।

नेपालको जेनजी आन्दोलन र भेनेजुएलामाथि अमेरिकी अतिक्रमणबिच केही समानता देखिएको छ। त्यति ठूलो अमेरिकी अतिक्रमण हुँदा पनि त्यहाँको गुप्तचरले थाहै पाएन वा जानकारी सरकारलाई दिएन। जस्तो नेपालमा गत भाद्र २३ र २४ मा देखियो। त्यस्तै सेना-पुलिस सबै रमिते। यो सबैमा अमेरिकी गुप्तचर सि.आई.ए.को घुसपैठ भएको खुलसा भइसकेको छ। त्यही भएर अब पनि अमेरिकी राष्ट्रपति ट्रम्मले भेनेजुएलाका कार्य बाहक राष्ट्रपतिलाई धम्काइरहेका छन्। पूर्व राष्ट्रपति मादुरोलाई जस्तै अझ बढी आक्रमण गरिने चेतावनी ट्रमले दिइरहेका छन्। यहाँ पनि भाद्र २३ र २४ को जेनजी आन्दोलनद्वारा भएको त्यति ठूलो जनधनको नोक्सानी हुँदा नेपाली सेना रमिते भयो। कारण के होला ? अब पनि नेपाली जनताले यो बुझ्नु पर्दछ कि पर्दैन ?

यो भेनेजुएलामाथिको अमेरिकी साम्राज्यवादी अतिक्रमण र हस्तक्षेप कुनै एक देशमाथिको मात्रै नभएर विश्वका सम्पूर्ण उत्पीडन तेस्रो विश्वका राष्ट्र र जनताप्रतिको अतिक्रमण हो। अझ नेपालको सन्दर्भमा त यो झन बढी चुनौतीको विषय बनेको छ। यसैले पनि नेपालका सच्चा देशभक्त जनवादी र वामपन्थी-कम्युनिष्ट कांग्रेस-एमाले-माओवादी आदि सबै देशका दल तथा नेता- कार्यकर्ता र आम नागरिक यतिसम्मकि जेनजी नवयुवा सबै एकजुट भई देशको राष्ट्रिय-स्वाभिमान अनि सार्वभौम अस्तित्व रक्षाका लागि नेपालको राष्ट्रिय मुक्ति संघर्षमा जुटौं। विश्व साम्राज्यवादी र यसका दलाल र गद्दारहरुलाई न यो मातभूमिप्रति माया छ न यो देशको राष्ट्रिय भाषा-संस्कृति, रीतिरिवाज र परम्पराप्रति नै माया र ममता छ। आज सिंहदरबार जल्यो भोलि पशुपतिनाथ जलाइनेछ। त्यसपछि गौतमबुद्ध जन्मस्थल लुम्बिनी जलाइनेछ। अन्त्यमा विश्वको सर्वोच्च हिमाल शिखर सगरमाथा समेत जलाइने वा भत्काइने छ।

# जाडोयाममा कम पानी पिउनु किन जोखिमपूर्ण हुन सक्छ ?

गर्मी मौसममा पसिना बगाउँदै हरेक कदम कदममा हामी पानी पिउने गर्छौं। घरबाट निस्कदा होस् या कतै जाँदा हामीसँग पानीको बोतल साथ हुने गर्छ।

तर चिसो मौसम आउनासाथ यो व्यवहारमा केही परिवर्तन आउँछ। बाक्लो कपडासँगै चिसाको चुस्कीमा हामी बढी रमाउन थाल्छौ र, पानीको बोतल हामीबाट केही टाढा हुन पुग्छ। तर के तपाईंले याद गर्नु भएको छ ? चिसो मौसममा हाम्रो प्यास कसरी गायब हुन्छ ? जबकी चिसोमा झन् शरीरलाई पानीको आवश्यकता बढी पर्ने चिकित्सकहरु बताउँछन्। चिसोमा किन कम प्यास लाग्छ ? शरीरमा पानीको मात्रा कम हुँदा के कस्तो नोक्सान हुन्छ ? आज पनि यही विषयमा जानकारी दिँदैछौं।

**जाडोयाममा पनि शरीरलाई गर्मीमा जत्तिकै पानीको आवश्यक**

दिल्लीको राम मनोहर लोहिया अस्पतालको मेडिसिन विभागका निर्देशक डा. पुलिन कुमार गुप्ता भन्छन्-'चिसो मौसममा तिर्खा धेरै कम महसुस हुन्छ। पसिना निकै कम आउने भएकाले शरीरलाई पानीको आवश्यकता पनि कम भएको जस्तो लाग्छ।'

धेरै मानिसहरु विशेषगरी वृद्धवृद्धा, कार्यालय जानेहरु बारम्बार शौचालय जानुपर्ने झन्झटका कारण पनि कम पानी पिउने गरेको उनी बताउँछन्।

उनका अनुसार वैज्ञानिक रुपमा प्रमाणित तथ्य के हो भने जाडोयाममा पनि शरीरलाई गर्मीयाममा जत्तिकै मात्रामा पानी आवश्यक हुन्छ।

जाडोमा मिर्गौलाले पिसाबमार्फत् बढी पानी बाहिर निकाल्छ। साथै घर र अफिसमा चलाइने हिटर, ड्रायर तथा इनडोर हीटिङ प्रणालीले हावालाई अत्यन्तै सुख्खा बनाइदिन्छ, जसका कारण छाला र श्वासप्रश्वासको मार्गबाट पानीको नोक्सानी अझ बढी हुन्छ।'

सन् २०१९ मा अमेरिकन हार्ट एसोसिएसनले गरेको एक अनुसन्धान अनुसार, लामो समयसम्म कम पानी पिउने व्यक्तिहरूमा मिर्गौलाको दीर्घकालीन रोग, पत्थरी तथा मूत्रमार्ग संक्रमण (यूटीआई) हुने जोखिम बढी हुन्छ।

वेलनेस थेरापिस्ट, डाइटिसियन तथा मेटामोर्फोसिस (वेलनेस प्लेटफर्म) की सीईओ दिव्या प्रकाश भन्छिन्- 'जब चिसो बढ्छ, शरीरले ताप जोगाउन पीबीभी (पेरिफेरल ब्लड भेसल) अर्थात् बाहिरी रक्तनलीहरूलाई संकुचित गर्छ।'

उनी थप्छिन्-'यसका कारण केन्द्रीय रक्तको मात्रा बढ्छ र शरीरलाई सबै कुरा ठीक छ, पानीको कमी छैन भन्ने अनुभूति हुन्छ। यसले गर्दा तिर्खा लाग्ने अनुभूति करिब ४० प्रतिशतसम्म कम हुन सक्छ। तर शरीरलाई आवश्यक पर्ने आधारभूत पानीको मात्रा मौसमले असर गर्दैन, यो सधैं करिब २.५ देखि ३.५ लिटरसम्म नै रहन्छ।'

**कम पानी पिउँदाको नोक्सान**

हाम्रो शरीरको करिब ६० प्रतिशत भाग पानीबाट बनेको हुन्छ। डा.पुलिनकुमार गुप्ताले यो पानी रगतमा उपस्थित हुने र रगतकै माध्यमबाट अक्सिजन, पोषक तत्व तथा अन्य आवश्यक पदार्थहरु शरीरका सबै कोषिकासम्म पुग्ने गरेको बताउँछन्। उनका अनुसार जब शरीरमा पानीको मात्रा कम हुन्छ, तब रगत बाक्लो हुन्छ। यसले ब्रेन स्ट्रोक र हार्ट अट्याकको जोखिम निकै बढाउँछ। विशेषगरी जाडोयाममा यो जोखिम अझ बढी देखिन्छ।

बाक्लो रगत पम्प गर्न मुटुलाई बढी मेहनत गर्नुपर्छ, जसका कारण रक्तचाप बढ्न सक्छ।

शरीरमा पानी कम हुँदा नसाहरू संकुचित हुन्छन्, जसले ब्रेन हेमरेजको खतरा पनि बढाउँछ। यसले मिर्गौलामा दबाब पर्छ र पत्थरी बन्ने जोखिम धेरै बढ्ने उनले बताए। डाक्टरहरुका अनुसार कम पानी पिउँदा पाचन प्रणाली प्रभावित हुन्छ र कब्जियत, अपचजस्ता समस्या देखा पर्छन्। त्यसैगरी लामो समयसम्म कम पानी पिउँदा थकान, टाउको दुख्ने, चक्कर लाग्ने, छाला सुख्खा हुनेजस्ता समस्या सुरु हुन थाल्छन्। प्रायः बेवास्ता गरिने पानीको कमीका प्रारम्भिक संकेतहरु हाम्रो शरीरले नै दिन्छ।

**सबैभन्दा बढी जोखिममा को ?**

डा. अनु अग्रवालका अनुसार बढी तनाव सहन नसक्ने मानिसहरु, जस्तै वृद्धवृद्धा, उच्च रक्तचाप र मधुमेहका बिरामी, मुटुको शल्यक्रिया गराएका, वा रगत पातलो बनाउने औषधि सेवन गर्ने व्यक्तिहरुमा कम पानी पिउँदा जोखिम अझ बढी हुन्छ।महिलाहरुमा विभिन्न उमेर समूहअनुसार कम पानी पिउँदाको असर फरक-फरक रूपमा देखिन्छ। किशोरी र मध्यम उमेर (४० वर्षसम्म) का महिलाहरूमा पहिल्यै हार्मोनल परिवर्तन भइरहेका हुन्छन्। महिनावारीका बेला रगत बग्दा शरीर डिहाइड्रेट हुन्छ। यसले महिनावारीको दुखाइ बढ्नुका साथै ग्यास र ब्लोटिङजस्ता समस्या पनि बढी देखिन सक्ने उनी बताउँछिन्।

उनी भन्छिन्-'पानी कम पिउँदा रक्तप्रवाह घट्छ र शरीरमा टक्सिनहरू जम्मा हुन थाल्छन्, जसका कारण रगत जम्ने (क्लट) समस्या देखिन सक्छ। साथै एस्ट्रोजन, थाइराइडजस्ता हार्मोनहरुको वहन र कार्यक्षमता पानीमै निर्भर हुन्छ। पानीको कमीले हार्मोनल असन्तुलन बढेर मुड स्विङ्स, अनियमित महिनावारीजस्ता समस्या बढ्न सक्छ।'

**पानी पिउने सही तरिका**

हरेक व्यक्तिले जाडो र गर्मी दुवै मौसममा दिनमा साढे २ देखि ३ लिटर पानी पिउनुपर्ने डा अग्रवाल सल्लाह दिन्छिन्। उनका अनुसार यदि २५० मिलिलिटरको एक गिलास मानेर हिसाब गर्ने हो भने, दिनमा करिब १०-१२ गिलास पानी पिउनु उपयुक्त हुन्छ।

**पानी पिउने सही तरिकाबारे उनी बुँदागत रुपमा प्रस्तुत गर्छिन् :**

जाडोयाममा बिहान उठेपछि पहिलो २-३ घण्टाभित्र बिस्तारै २-४ गिलास पानी पिउनुहोस्।

दिनभर आवश्यक पर्ने पानीको मात्रा बेलुका ५ बजेसम्म पूरा गर्ने प्रयास गर्नुहोस्, जसले सुत्ने चक्र (स्लीप साइकल) बिग्रन दिँदैन।

बेलुका धेरै पानी पिउँदा राति मिर्गौलाको फिल्ट्रेसन प्रक्रिया बढ्छ, जसका कारण बारम्बार पिसाब लाग्छ र निद्रा अवरुद्ध हुन्छ।५ बजेपछि पनि थोरै पानी पिउन सकिन्छ (जस्तै, डिनरसँग वा डिनरपछि), तर धेरै मात्रामा होइन।

दिव्या प्रकाश भन्छिन्-'जाडोयाममा धेरै मानिसहरुले पानीको सट्टा चिया, कफी, सुप वा अत्यधिक तातो पानी पिउने बानी बनाउँछन्। तर धेरै तातो पानी (५०-६० डिग्री सेल्सियस वा त्योभन्दा बढी) पिउनु ठीक हुँदैन। किनकि हाम्रो शरीरको सामान्य तापक्रम करिब ३७ डिग्री सेल्सियस हुन्छ। त्यसैले सही तरिका भनेको मनतातो पानी पिउनु हो। मनतातो पानी शरीरका लागि सबैभन्दा उपयुक्त हुन्छ र सजिलै अवशोषित पनि हुन्छ।'

- बीबीसी हिन्दीबाट साभार

# सेयर बजारमा सामान्य सुधार



काठमाडौं। साताको कारोबारको अन्तिम दिन बिहीबार सेयर बजार परिसूचक (नेप्से) मा सामान्य सुधार देखिएको छ। नेप्से परिसूचक ४.५९ अंकले बढेर २६४०.५४ विन्दुमा बन्द भएको थियो।

बजारमा तीव्र उतारचढाव देखिएको थियो। दिनको अधिकांश समय बजार नकारात्मक भए पनि अन्तिम समयको सुधारले बजारालाई बढाएको हो।

बजार बढे पनि कारोबार रकम भने घटेको छ। अघिल्लो दिन ५ अर्बभन्दा माथिको कारोबार भएको बजार ४ अर्ब ९० करोड रुपैयाँ बराबरको कारोबार भएको छ। दिनभरमा ३२८ कम्पनीका १ करोड ४ लाख ३१ हजार कित्ता शेयर ६९ हजार २६१ पटक खरिदबिक्री भएका थिए।

कुल १२९ कम्पनीको शेयर मूल्यमा वृद्धि भएको छ। ११५ कम्पनीको मूल्य ओरालो लागेको छ भने बाँकी १५ कम्पनीको शेयर मूल्य भने स्थिर रहेको नेप्सेले जनाएको छ।

बजारमा साञ्भी इनर्जीका लगानीकर्ताले सबैभन्दा बढी कमाएका छन्। यसको शेयर मूल्य ८.१६ प्रतिशतले बढेर ७९५ रुपैयाँ पुगेको छ। त्यस्तै, एसबाई प्यानलको मूल्य ५.७१ प्रतिशत र खानीखोला हाइड्रोपावरको ४.६३ प्रतिशतले बढेको छ। सुपर मादी हाइड्रोपावरको मूल्य सर्वाधिक ३.९० प्रतिशतले घट्नु नै आजको सर्वाधिक गिरावट रह्यो।

बजारमा बैंकिङसहित सत समूह सकारात्मक हुँदा ६ समूहमा गिरावट आएको छ। सबै समूहमा एक प्रतिशत भन्दा कमको उतारचढाव देखिन्छ।

कारोबार रकमका आधारमा सायपत्री हाइड्रोपावर अग्रस्थानमा रहेको छ। यस कम्पनीको २० करोड ६ लाख ३२ हजार रुपैयाँभन्दा बढीको शेयर कारोबार भएको छ। यस्तै, बन्दीपुर केवलकारको १७ करोड ६० लाख र साञ्भी इनर्जीको १५ करोड ८९ लाख रुपैयाँ बराबरको शेयर कारोबार भएको छ।

# व्यापार संघमा दुई वस्तुगत उप-समिति गठन




बुटवल । आफ्नो वार्षिक कार्यतालिकाअन्तरगत रुपन्देही व्यापार संघले आफूसँग आबद्ध विभिन्न प्रकृतिका व्यवसाय सञ्चालन गर्ने व्यवसायी सदस्यहरुलाई गोलबन्द गर्ने लक्ष्यअनुसार वस्तुगत भेलालाई तीव्रता दिएको छ । यसैक्रममा बिहीबार संघमा आबद्ध औषधि तथा क्याम्सन व्यावसायीहरुको छुट्टाछुट्टै भेला सम्पन्न भएको छ ।

भेलाले राजकुमार श्रेष्ठको संयोजकत्वमा १४ सदस्यिय औषधि वस्तुगत उप-समिति गठन गरेको छ । संघको सचिवालयमा भएको भेलाले गठन गरेको उप-समितिको सह-संयोजकमा निरु पैनी, सचिवमा अमृता भण्डारी, कोषाध्यक्षमा लेखनाथ न्यौपाने र सह-सचिव प्रकाश क्षेत्री रहेका छन् ।

यसैगरी सदस्यहरुमा प्रेमप्रसाद पौडेल, शेषकान्त पोखरेल, ज्ञानु पुन, भक्तप्रसाद शर्मा, उमेशचन्द्र आचार्य, बालकृष्ण पौडेल, डासीराम मरासिनी, सृजना अर्याल, शंकर वराल रहेका छन् । यसैगरी यदुमणि पोखरेलको संयोजकत्वमा ९ सदस्यीय क्याम्सन वस्तुगत उप-समिति गठन गरिएको छ ।

जसको सह-संयोजकमा राजिव गौतम, सचिवमा रविन्द्र कुँवर, कोषाध्यक्षमा सुनिल बेल्वासे, सह-सचिवमा सुरेश पन्थी तथा सदस्यहरुमा कृष्ण अर्याल, शंकरप्रसाद पाण्डे विरेन्द्र सिंह लिम्बु, मेघनाथ गौतम रहेका छन् । सल्लाहकारमा विजय खनाल, दिपक भट्टराई, दिपक खनाल, ऋषिराम अर्याल, किसनप्रसाद पाण्डे रहेको संघले जनाएको छ ।

कार्यक्रमका प्रमुख अतिथि रुपन्देही व्यापार संघका अध्यक्ष प्रकाश ढकालले पेशागत मर्यादा र उपभोक्ताहरुको चाहानालाई ध्यानमा राखेर व्यवसायलाई अगाडी बडाउन सकेमा त्यसले प्रतिफल दिने बताउँदै संस्थागत हित र संस्थाको सुदृढिकरणका लागि आआफ्नो ठाउबाट भूमिका खेल्न आग्रह गरे ।

भेलामा संघका वरिष्ठ उपाध्यक्ष दयानिधि भण्डारी, प्रथम उपाध्यक्ष ऋषिराम पाण्डे, महासचिव प्रकाशराज पौडेल, महिला सचिव वृन्दा भट्टराई आचार्य, कार्यसमिति सदस्य शोभाकुमारी जोशी क्षेत्रीलगायतले उप-समितिको सकृयता र क्रियाशिलताले नै संघ चलायमान हुने हुँदा उप-समितिलाई व्यवसायिक गतिविधि गर्न सुझाव दिएका थिए ।

संघका सह-सचिव तथा वस्तुगत उपसमिति गठन तथा पुर्नगठनका संयोजक नलराज नेपालले सबै व्यवसायीहरुलाई एकताबद्ध भएर व्यवसायीका समस्या र आवश्यकताहरुको पहिचान गरी त्यसको समाधान गर्न लाग्नुपर्नेमा जोड दिए ।

औषधि वस्तुगत उपसमितिका संयोजक कपिल ज्ञवाली र क्याम्सन वस्तुगत उपसमितिका संयोजक दिपक खनालको अध्यक्षता, निरु पैनीको सञ्चालनमा सम्पन्न भएको कार्यक्रममा संघका कार्यसमिति सदस्य केदार नेपालले स्वागत गरेका थिए ।

# ‘त्रासमय अवस्थामा निर्माण व्यवसायी’

**मोहम्मद हबि**

*भैरहवा ।*




त्रासमय अवस्थामा निर्माण व्यवसायीहरु रहेको एक कार्यक्रममा वक्ताहरुले जोड दिएका छन ।

लुम्बिनी निर्माण व्यवसायी संघ रूपन्देहीको १९औं वार्षिक साधारणसभामा बोल्दै प्रमुख अतिथि नेपाल निर्माण व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष रवि सिंहले सरकारले निर्माण व्यवसायीका समस्या र मागलाई प्राथमिकतामा नराख्दा निर्माण क्षेत्र गम्भीर संकटमा परेको बताए ।

स्थानीय तहबाट गैरजिम्मेवारी हिसाबले अत्याधिक रुपमा लाइसेन्स वितरण दिने काम भएको छ, संघीयतामा जानु अगाडि १० हजार रहेकोमा अहिले ३५ हजार पुऱ्याइएको छ । यसले विकास निर्माणको काम घट्नु र व्यवसायी बढेको हुँदा विकास निर्माणको काम एक चौथाई पनि कार्यान्वयन नभएको उनले जनाए ।

उनले निर्माण क्षेत्र त्रासमय अवस्थाबाट गुज्रिरहेको उल्लेख गर्दै ठेक्का बन्द हुनु भनेको निर्माण कम्पनीदेखि त्यससँग आबद्ध श्रमिक र परिवारसम्मको रोजगारी र जीविकोपार्जन संकटमा पर्नु रहेको बताए ।

अध्यक्ष सिंहले सरकारले कानुनको नाममा चालेका केही कदम गलत रहेको जनाउँदै त्यसलाई तत्काल सच्याउनु पर्ने बताए । उनले ‘लो-बिड’ प्रणालीका कारण निर्माण व्यवसाय मात्र होइन, समग्र विकास प्रक्रिया नै प्रभावित भएको बताउँदै यसैको कारण समयमा विकास निर्माणको काम समयमा नहुने, गुणस्तरीय नहुने हुँदा निराकरणका लागि पूर्ववति सरकारसँग सहमति भएको बताए ।

सार्वजनिक खरिद ऐनको संशोधनका लागि पटक पटक प्रस्ताव गए पनि राजनैतिक नेतृत्वले पूर्वाधार विकासलाई प्राथमिकतामा नराखेको कारण विधेयकहरु फिर्ता आएको जनाए । ‘अहिलेको नागरिक सरकारले अनुगमन कार्यालयबाट अनुमोदित भएर गएको छ, नयाँ सरकारले यसलाई प्राथमिकतामा राखेर ऐनलाई संशोधन गरी पूर्वाधारको काम चलायमान गर्नुपर्ने छ ।’-उनले भने ।

सबै किसिमको खरिदलाई एउटै ऐनले सम्बोधन गर्दा प्रावधानले व्यवधान उठाएकोले सबै ऐन समायोजन गरी छाता ऐन बनाउनु पर्ने आवश्यकता रहेको उनले बताए ।

कार्यक्रममा लुम्बिनी निर्माण व्यवसायी संघ रूपन्देहीकी अध्यक्ष मञ्जु भुसालले निर्माण व्यवसाय राष्ट्र निर्माणको आधारशिला भएको बताइन् । सडक, पुल, विद्यालय, अस्पताललगायत पूर्वाधार निर्माणमा व्यवसायीहरूको योगदान अतुलनीय रहेको उल्लेख गर्दै उनले निर्माण व्यवसायको सम्मान गर्नुपर्ने आवश्यकता रहेको जनाइन् ।

महिला नेतृत्वको हैसियतले बोल्दै अध्यक्ष भुसालले निर्माण व्यवसाय अब पुरुषहरूमा मात्र सीमित नरहेको र महिला सहभागिताले यस क्षेत्रमा सकारात्मक परिवर्तन ल्याएको उल्लेख गरिन् । चुनौतीपूर्ण नीति र आर्थिक अवस्थाबिच पनि गुणस्तर, समयपालन र व्यवसायिक मर्यादालाई प्राथमिकतामा राख्दै अघि बढ्नुपर्ने उनको धारणा थियो ।

कार्यक्रममा बोल्दै पूर्व जिल्ला अध्यक्ष विश्वेशवर बस्याल, सिद्धार्थ सञ्जालका अध्यक्ष अनिल ज्ञवाली, चेम्बर अफ कमर्श रुपन्देहीका अध्यक्ष सचिन रोक्का, सिद्धार्थ उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष दिलीप कान्दु, निर्माण व्यवसायी महासंघका केन्द्रीय महासचिव रोशन दाहाल, लुम्बिनी प्रदेश अध्यक्ष बलिभद्र राना, केन्द्रीय उपाध्यष टोपबहादुर रायमाझी, पूर्व वरिष्ठ उपाध्यक्ष निकोलस पाण्डे, केन्द्रीय वरिष्ठ उपाध्यक्ष आङ दोर्जे लामाले पेशाप्रति इमान्दार भएर दक्षताअनुसार काम गर्नुपर्नेमा जोड दिएका थिए । टेण्डर आफूलाई पार्न न्यूनतम मूल्य कायम गर्ने, गुणस्तरीय काम नगर्ने, अवस्था नबुझी टेण्डर लिने, आफ्नो क्षमताभन्दा बढी काममा हात हाल्नेलगायतका कारणले निर्माण व्यवसायी मारमा परेको बताउँदै उनीहरुले निर्माण व्यावसायीहरुले आफैँबाट सुधार गर्नु पर्ने बताए । उनीहरुले निर्माण व्यवसायीको लापरबाहीले पनि कतिपय सानाठूला योजना अलपत्र परेकाले ध्यान दिनु पर्ने, संस्थागत भ्रष्टाचार हटाउने तर्फ सबै लाग्नु पर्ने जनाए ।

सिद्धार्थनगर नगरपालिकाकी उप-प्रमुख उमा अधिकारीले अधिकारसँगै कर्तव्यप्रति पनि सबै सचेत हुनुपर्ने बताइन् । लुम्बिनी निर्माण व्यवसायी शाखा अध्यक्ष बुद्धिराज थापाको स्वागत, महासचिव प्रितम रौनियारको सञ्चालनमा भएको कार्यक्रमा संघलाई योगदान गर्ने महानुभावहरुलाई सम्मान गरिएको थियो ।

२०३५ सालमा स्थापित संघमा हाल ४ सय ५० बढी निर्माण व्यवसायी सदस्य रहेका छन् ।

## प्याब्सनको ३५औं स्थापना दिवसः

# देशभर विभिन्न कार्यक्रम सम्पन्न



बुटवल । निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल(प्याब्सन)को ३५ औं स्थापना दिवसको अवसरमा देशभर विभिन्न कार्यक्रम सम्पन्न भएका छन् ।

यसैबिच प्याब्सन नगर कमिटी बुटवलले बुटवल ३ दुर्गा मन्दिरमा फर्निचर हस्तान्तरण गरेको छ । मन्दिरमा एक कार्यक्रम आयोजना गर्दै मन्दिर व्यवस्थापन समितिलाई हस्तान्तरण गरिएको हो ।

प्याब्सन बुटवल नगर कमिटी अध्यक्ष मित्रहरि आचार्य, केन्द्रीय उपाध्यक्ष टिकाराम न्यौपाने, प्याब्सन लुम्बिनी प्रदेश अध्यक्ष लालहरि पाण्डेय, बुटवल ३ अध्यक्ष विष्णु ढकाललगायतले मन्दिर व्यवस्थापन समितिलाई फर्निचर हस्तान्तरण गरेको हो ।

कार्यक्रममा बोल्दै बुटवल वडा नम्बर ३ अध्यक्ष विष्णु ढकालले निजी स्कुलले शुल्क धेरै लिन्छन् भन्ने गलत मनोभावना जनमानसमा रहेको बताउँदै त्यसलाई चिर्दै सामाजिक गतिविधिहरु बनाउनुपर्नेमा जोड दिए ।

केन्द्रीय उपाध्यक्ष टिकाराम न्यौपानेले स्थापना दिवसको अवसरमा देशभर विभिन्न कार्यक्रम भएको बताउँदै नगरकमिटी तथा जिल्लालाई विभिन्न कार्यक्रम गर्न सर्कुलर गरिएको बताए ।

हिसान केन्द्रीय सदस्य दिनेश भुसालले शैक्षिक संस्थाहरुले सामाजिक उत्तरदायित्वका कामहरु गर्दै जानुपर्ने जनाए ।

प्याब्सन लुम्बिनी प्रदेश अध्यक्ष लालहरि पाण्डेले प्रदेशभरका नगर र जिल्ला कमिटीले कार्यक्रमहरु भइरहेको बताए । उनले स्थापना दिवसमा शिक्षक, विद्यार्थी सम्मान, विभिन्न आश्रमहरुमा सहयोगलगायतका सामाजिक उत्तरदायित्वका कार्यहरु भइरहेको बताउँदै शिक्षासंगै सामाजिक सम्बन्ध बलियो बनाउने रणनीतिसहित कार्यक्रमहरु भइरहेको जानकारी दिए ।

प्याब्सन बुटवल नगर कमिटी अध्यक्ष मित्रहरि आचार्यले विगतका वर्षहरुमा पनि विभिन्न सामाजिक क्षेत्रमा लगानी गर्दै आएको बताए । उनले अघिल्ला वर्षहरुमा सिद्धबाबा धाम, गौशालालगायतमा सहयोग गरिएको जानकारी गराउँदै यो वर्ष दुर्गा मन्दिरमा फर्निचर सहयोग गरिएको जनाए ।

मन्दिर व्यवस्थापन समिति अध्यक्ष हरिनारायण मिश्रले मन्दिरमा सहयोग गर्नु समाजसेवासंगै धार्मिक कार्य पनि भएको बताए ।

प्याब्सन बुटवल सचिव भुवन अधिकारीले मन्दिरमा २० थान कुर्सी, एकथान टि टेवल र एक थान पोडियम हस्तान्तरण गरिएको जनाए । बुटवल नगर कमिटीमा ३७ वटा सदस्य विद्यालय रहेका छन् ।

# जितेश्वरी जीवनयोग प्रयोगशालाको वनभोज : मन्दिरमा भजनकिर्तन



बुटवल । चिसो महिना सुरु हुँदै गर्दा जताततै वनभोजहरु हुने गरेका छन् । मासुजन्य परिकार खाने, स्पीकरमा नेपाली तथा विदेशी गीत सुन्दै होहल्ला गर्दै रामाउने गरिन्छ ।

तर बुटवलको एउटा संस्थाले मन्दिरमा वनभोज गर्दै भजनकिर्तन गर्दै मनाएको छ । जितगढी टोल विकास संस्था बुटवल १३ मा रहेको जितेश्वरी जीवनयोग प्रयोगशालाका सदस्यहरुको सहभागितामा वनभोज गरी मनाइएको हो । जितगढी भजन समूह र देवी देउराली भजन समूहले भजन किर्तन गर्दै मनाइएको हो ।

सो अवसरमा बोल्दै बुटवलका जनप्रतिनिधि मन्दिरादेवी गौडेलले यस्ता किसिमका कार्यक्रमले समुदायबिच आपसी सम्बन्ध सुदृढ गर्दै सामाजिक एकता प्रवर्द्धनमा ठूलो भूमिका खेलेका बताइन् ।

प्रयोगशाला तथा टोलविकास संस्थाका अध्यक्ष ताराप्रसाद गौडेलले २०८१ असोजदेखि निरन्तर योग प्रशिक्षण प्रदान गर्दै आएको बताउँदै दैनिक ३० जनाभन्दा बढी नियमित योगा गर्न आएको बताए ।

यस किसिमका साँस्कृतिक र धार्मिक कार्यक्रमले परम्परा, सांस्कृतिक पहिचान र युवा पुस्तालाई आध्यात्मिक मार्गप्रशस्त गर्ने पक्षमा योगदान पुऱ्याउने अपेक्षा व्यक्त गरिएको जितगढी पाणिनि उद्यानका अध्यक्ष ऋषि आजादले बताए ।

गुरु हरि पोखरेलले अहिले स्वास्थ्यप्रती सचेतना बढेको बताउँदै अहिले दैनिक डेढ घण्टा निःशुल्क कक्षाहरु हुँदै आएको बताए । जीवन विज्ञान प्रतिष्ठानमार्फत् खोलिएका यस्ता प्रयोगशालाले नागरिक जोडिँदै जाने र स्वास्थ्य, शिक्षामा राम्रो प्रभाव पार्ने उनले जनाए ।

सो अवसरमा गुरुहरु केशव खनाल, कपिल गौतम, पदम बस्याल, दिल शर्मा घिमिरे, योगेन्द्र उपाध्याय र सरस्वति मरासिनी, कार्यक्रम संयोजक पवित्रा बस्याललगायतले बोलेको सचिव केशव पौडेलले जानकारी दिए ।

सो अवसरमा शुद्ध सहाकारी भोजन समेत खुवाइएको थियो ।

## दलीय...

प्रत्येक मतगणना टोलीमा एक जना मुख्य मतगणना अधिकारी (निर्वाचन अधिकृत), एक जना सहायक मतगणना अधिकारी, दुई जना मतगणना सहायक, एक जना कम्प्युटर अपरेटर र एक जना सहयोगी कर्मचारी रहनेछन् ।

मतगणना टोलीले प्रतिसिफ्ट प्रतिनिधिसभाको समानुपातिकतर्फ कम्तीमा १ हजार ५०० मतपत्र र प्रत्यक्षतर्फ ३ हजार मतपत्र गणना गर्नुपर्ने लक्ष्य निर्धारण गरिएको छ ।

सुरक्षाको हकमा, निर्वाचन कार्यालय र निर्वाचन सामग्री राखिएको स्थानमा कम्तीमा ५-५ जना सुरक्षाकर्मी रहनेछन् । मतदान सकिएपछि मतपेटिका राखिएको स्थान र मतगणना स्थलको सुरक्षाका लागि थप १५ जनासम्म सुरक्षाकर्मी परिचालन गर्न सकिने निर्देशिकामा उल्लेख छ ।

निर्वाचनका बेला कुनै कर्मचारी बिरामी भएमा वा आकस्मिक कारणले काममा खटिन नसकेमा काम नरोकियोस् भनेर आयोगले १० प्रतिशत ‘जगेडा कर्मचारी’ को व्यवस्था गरेको छ ।

यी कर्मचारीलाई मुख्य निर्वाचन अधिकृतको कार्यालयमा तयारी अवस्थामा राखिनेछ । निर्वाचनमा खटिने मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयमा ८ देखि १३ प्रकारका कर्मचारी रहनेछन् । जसमा लेखा अधिकृत, सवारी चालक, कम्प्युटर अपरेटर र निजी सुरक्षा अधिकारी (पीएसओ) सम्मको व्यवस्था गरिएको छ ।

मनोनयन दर्ता गर्ने समयमा कार्यबोझ बढ्ने भएकाले बढीमा ७ दिनका लागि थप कर्मचारी काजमा ल्याउन सकिने सुविधा पनि अधिकृतलाई दिइएको छ । निर्वाचनजस्तो संवेदनशील कार्यमा लापर्बाही गर्ने कर्मचारीलाई कडा कारबाहीको चेतावनी दिइएको छ ।

तोकिएको समयमा कार्यक्षेत्रमा नपुग्ने, निर्वाचनको निष्पक्षतामा प्रतिकूल असर पार्ने काम गर्ने वा सुम्पिएको जिम्मेवारी पूरा नगर्ने कर्मचारीलाई तत्काल जिम्मेवारीबाट मुक्त गरी प्रचलित कानुनबमोजिम विभागीय कारबाहीका लागि सिफारिस गरिनेछ ।

साथै, निर्वाचन सम्पन्न नभएसम्म सरकारी निकायका प्रमुखले आफ्ना कर्मचारीलाई अत्यावश्यक काम र आयोगको अनुमतिबिना बिदा दिन पाउने छैनन् ।

## ८० हजार...

मतदानका समयमा निर्वाचनस्थल र केन्द्रमा खटिने क्रममा नेपाली सेना तेस्रो घेरामा रही राजनीतिक दल, उम्मेदवार, मतदाता र निर्वाचनमा खटिएका कर्मचारीलाई सुरक्षाको पूर्ण प्रत्याभूति दिलाउने छ । विगतमा जस्तै आगामी निर्वाचनलाई लक्षित गरी सेनाले देशका विभिन्नस्थलमा सुरक्षा वेश स्थापना गर्ने तयारी गरेको छ । फागुन २१ गते मतदान सम्पन्न भएसँगै मत पेटिकाको ढुवानीदेखि मतगणनास्थलको सुरक्षालगायतका जिम्मेवारी सेनाले गर्नेछ ।

तोकिएको मितिमा निर्वाचन भयमुक्त वातावरणमा सम्पन्न गर्ने सिलसिलामा अहिले प्रदेशस्तरमासमेत सुरक्षा गोष्ठी सञ्चालन भइरहेका छन् । गोष्ठीमा प्राप्त सुझावका आधारमा परिस्थितिको मूल्याङ्कन र विश्लेषण गरी सरकारले थप सुरक्षा प्रबन्ध मिलाउनेछ ।

सबै सुरक्षा फौज, स्थानीय प्रशासन र जनप्रतिनिधि सुरक्षाबिचका समन्वय र सहकार्यमा राज्यको प्राथमिक कार्यभारकारुपमा रहेको निर्वाचन सुरक्षा प्रदान गर्न आफूहरु तयार रहेको सेनाको भनाइ छ ।


# शितगंगा नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**ठाडा अर्घाखाँची**

**लुम्बिनी प्रदेस नेपाल**

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

प्रकाशन मिति : २०८२।०९।२५

यस कार्यालयको मिति २०८२।७।२ गतेको मेचीकाली राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार www.bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये सारभूत रुपमा प्रभावग्राही तपशिल बमोजिमका निम्न बोलपत्रदाताहरुको बोलपत्र प्राविधिक परीक्षणबाट उत्तीर्ण भएकोले आर्थिक प्रस्ताव देहाय बमोजिमको मिति, समय र स्थानमा खोल्ने गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ज) ५ प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल :

**Details of Technical Evaluation:**

| S.N. | Contract No. | Name of Bidder | Responsive Bidders | Detail of Financial Bid Opening: |
|---|---|---|---|---|
| 1 | 22-SM/W 19/NCB/ 2082 /083 | Pratibha Nirman Sewa, Sandhikhark Arghakhanchi. | Responsive | Place: Shitaganga Municipality office Arghakhanchi Date & Time: 2ndMagh, 2082 (16th Jan, 2026 ), 13:00 |
| | | Dharmaraj-Hamja JV Sandhikhark Arghakhanchi | Responsive | |
| | | Triyak-Amrabati-Rehan JV, Kathmandu | Responsive | |
| | | Sunchhahari/Shree K L/Rapti J.V. Kathmandu Nepal | Responsive | |
| | | B3 Bhimadevi J.V., GadhawaGa.Pa. Dang | Responsive | |
| | | B.B.A Megacity J/V, Arghakhanchi | Responsive | |

Chief Administrative Officer



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुखानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी



**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२



दुनाटपरी बनाउँदैः

माघी पर्वको अवसरमा आयोजना हुने 'गुलर्या माघ सांस्कृतिक महोत्सव २०८२ (थारू सम्वत २६४९)' का सहभागीहरूलाई थारू परिकारको स्वाद चखाउन घोराही -१७ गुलरियाका स्थानीय थारू महिलाहरू पातको दुना र टपरी बनाउँदै। गुलरिया टोल विकास संस्थाको मुख्य आयोजनामा तथा सौरा बगालको सह-आयोजनामा यहि २७ गते दाङको घोराही उप-महानगरपालिका-१७ स्थित शहिल नेत्रलाल पार्कमा महोत्सवको आयोजना गरिँदै छ। तस्विर : कुलदीप न्यौपाने/रासस

# लुम्बिनी प्यालेस रिसोर्ट अब 'मेरिअट' रिसोर्ट



बुटवल । रूपन्देही सियारी-५ स्थित लुम्बिनी प्यालेस रिसोर्ट अब अन्तर्राष्ट्रिय चेन होटल ब्रान्ड 'मेरिअट' ब्रान्डमा सञ्चालन हुने भएको छ । २०७५ सालमा स्थापित र तीन वर्षदेखि निरन्तर नाफामा सञ्चालित लुम्बिनी प्यालेस रिसोर्ट अब 'लुम्बिनी मेरिअट रिसोर्ट एन्ड स्पा' मा रूपान्तरण हुने भएको हो।

यसका लागि लुम्बिनी प्यालेस रिसोर्ट र मेरिअट इन्टरनसेनलबिच होटल व्यवस्थापनामा सम्झौता भएको छ। यो सम्झौतापछि काठमाडौं उपत्यका बाहिर मेरिअट इन्टरनेसनलको उपस्थिति पहिलो भएको छ। सम्झौता कार्यक्रममा रिसोर्टका अध्यक्ष दीपक पाण्डे, प्रबन्ध सञ्चालक रोशनकुमार न्यौपाने, सञ्चालकहरू तथा मेरिअट इन्टरनेसनको एसिया प्रशान्त प्रमुख सञ्चालन अधिकृत निरज गोभिल, दक्षिण एसिया विकास वरिष्ठ उपाध्यक्ष किरण एन्डिकट, जुही रोयलगायत उपस्थित थिए।

लुम्बिनी प्यालेस रिसोर्टले चालु आर्थिक वर्ष २०८२/८३ अन्त्यसम्म पाँचतारे रिसोर्ट सञ्चालन अनुमति लिने लक्ष्य लिएको जनाएको छ । नेपालको एकमात्र 'वाटर रिसोर्ट' मा वाटर फाउन्टेन, वाटर शो, म्युजिकल फाउन्टेन, थ्रिडी वाटर स्क्रिन, मोटर बोटिङ, मिनी क्रुज, वाटर रेस्टुरेण्ट, वाटर स्पालगायत सुविधा उपलब्ध छन्। रिसोर्टलाई नेपालकै पहिलो र एकमात्र 'ग्रिन सर्टिफिकेसन' (गोल्ड) सहित वेलनेस रिट्रिट एन्ड इको रिसोर्टमा विकास गर्ने र 'अर्गानिक फाइभस्टार वेलनेस लक्जरी रिसोर्ट' लक्ष्य लिइएको व्यवस्थापनले जनाएको छ।

यी सबै लक्ष्य पूरा गर्न रिसोर्ट व्यवस्थापनले विजयनानमरन सान्मुगमलाई अपरेसन तथा एसेट डेभलपमेन्ट उपाध्यक्षका रूपमा व्यवस्थापन प्रमुख नियुक्त गरेको छ । सान्मुगमसँग अन्तर्राष्ट्रिय होटल व्यवस्थापनमा २७ वर्षभन्दा बढी हाम गरेको अनुभव छ।

स्थानीय रोजगारी, उत्पादन, पर्यटन प्रवर्द्धन गरी देशको अर्थतन्त्रमा प्रत्यक्ष तथा परोक्ष योगदान गरी रिसोर्टलाई नमूना गन्तव्यस्थलमा स्थापना गर्ने योजना रहेको र चाँडै प्राथमिक सेयर (आइपीओ) निष्कासन गर्ने तयारी अगाडि बढाइएको व्यवस्थापनले जनाएको छ।

# रहबर अन्सारीले छाडे नेकपा



बुटवल । नेकपा माओवादी केन्द्रबाट जितेका मधेश प्रदेश सांसद रहबर अन्सारी पार्टी छाडेका छन् । नेकपा माओवादीका अध्यक्ष प्रचण्डलाई सम्बोधन गर्दै राजीनामा पत्र बुझाएका हुन् ।

राजीनामा पत्रमा भनिएको छ-'साहस, इमान र जोखिम तीनै कुरा पार्टीले त्यागिसकेको छ। म यो विरोधाभासको हिस्सा बन्न सक्दिनँ। यसै बोधका साथ म पार्टी सदस्यताबाट समाजवादी क्रान्ति जिन्दावाद भन्दै बिदा लिन्छु।'

प्रचण्डले केही दिनअघि नेकपा एकता सन्देशसभामा गाएको 'इन्कलाब' गीतका हरफ सम्झाउँदै रहबरले राजीनामा पत्र पठाएका हुन् ।

# लुम्बिनी प्रदेश लोकसेवा आयोगका अध्यक्ष र सदस्यको सपथ

बुटवल । लुम्बिनी प्रदेश लोकसेवा आयोगका अध्यक्ष र सदस्यले सपथ ग्रहण गरेका छन् । नव नियुक्त अध्यक्ष हरिप्रसाद बस्यालले बिहीबार प्रदेश प्रमुख कार्यालय बुटवलमा प्रदेश प्रमुख कृष्णबहादुर घर्ती, मुख्यमन्त्री चेतनारायण आचार्य, सभामुख तुलाराम घर्तीमगर, मुख्य न्यायाधिवक्ता यमलाल खनालको उपस्थितिमा उच्च अदालतका मुख्य न्यायाधीश राजेश्वर तिवारी समक्ष सपथ ग्रहण गरे । यस्तै नव नियुक्त सदस्य ताराप्रसाद भुसालले नव नियुक्त लोकसेवा आयोगका अध्यक्ष हरिप्रसाद बस्याल समक्ष सपथ ग्रहण गरेका हुन् ।

नेपालको संविधानको धारा २४४ तथा प्रदेश लोकसेवा आयोग ऐन २०७६ को दफा ३ को उपदफा ३ बमोजिम नियुक्त आयोगका अध्यक्षले दफा ७ अनुसार कार्यभार सम्हाल्नुअघि प्रदेश प्रमुखको उपस्थितिमा उच्च अदालतका मुख्य न्यायाधीश समक्ष सपथ ग्रहण गर्नुपर्ने व्यवस्था रहेको छ। सोही व्यवस्थाअनुसार नवनियुक्त अध्यक्ष बस्यालले सपथ ग्रहण गरेका हुन् ।

यस्तै प्रदेश लोकसेवा आयोग ऐन २०७६ को दफा ३ को उपदफा ७ बमोजिम आयोगका सदस्यले अध्यक्ष समक्ष पद तथा गोपनियताको सपथ ग्रहण गर्ने प्रावधान छ । सोहीअनुसार नवनियुक्त सदस्य ताराप्रसाद भुसाललाई अध्यक्ष बस्यालले पद तथा गोपनियताको सपथ गराएका छन् । नव नियुक्त अध्यक्ष बस्याल पाल्पा र सदस्य भुसाल अर्घाखाँची निवासी हुन् ।

# जलवायु परिवर्तनका असर न्यूनीकरणमा वैज्ञानिक कार्ययोजना बन्छः मुख्यमन्त्री




दाङ । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले जलवायु परिवर्तनको असर कम गर्न प्रदेश सरकारले वैज्ञानिक आधारमा कार्ययोजना तयार गर्ने बताएका छन् । दाङको भालुबाङमा बिहीबार भएको 'जलवायु परिवर्तन व्यवस्थापनमा प्रदेश र स्थानीय तहको भूमिका तथा अध्ययन प्रमाणिकरण' विषयक कार्यशालामा बोल्दै उनले वन, वातावरण, जैविक विविधता र पानीका स्रोत संरक्षणलाई प्रदेश सरकारको मुख्य ध्यान रहेको बताएका हुन् ।

उनका अनुसार अनियन्त्रित मेसिन प्रयोगका कारण पहाड चिरिँदा पानीका मुहान सुक्ने, वर्षा ढाँचा बदलिनु र तापक्रम बढ्दै जानु जस्ता समस्या गम्भीर बन्दै गएका छन् । उनले यस्तो अवस्थालाई नियन्त्रण गर्न कठोर नीति आवश्यक भएको जनाए । 'समस्या नजिकबाट देखिएका छन् । अब कठोर भएर अघि बढ्नैपर्छ । आवश्यक परे कानुन परिमार्जन हुन्छ, नयाँ बनाइन्छ,' मुख्यमन्त्री आचार्यले भने-'वैज्ञानिक ढंगले कार्ययोजना बनाएर अघि बढ्न जरुरी छ । प्रदेश सरकार अघि बढ्छ ।'

प्रदेश सरकारले एक वडा एक पोखरी अभियान अघि बढाएको छ । उनले जलवायु वित्त प्रदेश र स्थानीय तहमा नआउँदा महत्वपूर्ण योजना बनाउने काममा चुनौती परेको समेत उल्लेख गरे । संघीय सरकारले प्राप्त जलवायु वित्त केन्द्रमै सीमित राख्नु अन्यायपूर्ण भएको उनको भनाइ थियो । नेपालले विश्वस्तरको औद्योगीकरणबाट उत्पन्न असर भोगिरहनु परेको उनले दोहोर्‍याए ।

जलाधार संरक्षण, पारिस्थितिक प्रणाली पुनर्भरण, वन तथा कृषि क्षेत्रको समन्वयलाई सरकारी तहले पर्याप्त प्राथमिकता दिनुपर्ने अध्ययनले निस्कर्ष निकालेको छ ।

संघ, प्रदेश र स्थानीय तहबिच समन्वय कमजोर हुँदा अनुकूलन तथा न्यूनीकरण योजनामा ठोस प्रगति नदेखिएको अध्ययनले संकेत गरेको छ । बजेट अभाव, अन्तर्राष्ट्रिय जलवायु वित्तमा पहुँच नहुनु र दातृ परियोजनाको केन्द्रमै निर्भर ढाँचा कायम रहनु प्रमुख समस्या रहेको बताइएको छ ।

कार्यक्रम प्रदेश वन तथा वातावरण मन्त्रालयका सचिव प्रमोद भट्टराईको अध्यक्षता र मुख्यमन्त्री आचार्यको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो । प्रारम्भिक अध्ययन नतिजा डा. पपुलर जेन्टल र डा. सन्तोष नेपालले प्रस्तुत गरे ।

कार्यक्रममा प्रदेश कृषि वन तथा वातावरण समितिका सभापति विश्वप्रेम पाठक, सामाजिक विकास समितिका सभापति यमबहादुर नेपालीलगायतले सम्बोधन गरेका थिए । डाक्टर मनोहरा खड्काले उद्देश्यमाथि प्रकाश पारेका थिए भने सहजीकरण डाक्टर विमल रेग्मीले गरेका थिए ।

# देवदह सहयोगापेक्षी सडकआश्रित मानवमुक्त नगर घोषणा



देवदह । देवदहलाई सहयोगापेक्षी सडकआश्रित मानवमुक्त नगर घोषणा गरिएको छ । देवदह नगरपालिकाको आयोजना र मानवसेवा आश्रम मानवता प्रवर्द्धन महाअभियान रुपन्देहीको सहयोगमा सहयोगापेक्षी सडकआश्रित मानवमुक्त नगर घोषणा गरिएको हो ।

योसँगै रुपन्देही जिल्लामा ३ वटा पालिका सहयोगापेक्षी सडकआश्रित मानवमुक्त नगर घोषणा गरिएको छ । मानवसेवा आश्रमले रुपन्देहीमा अहिलेसम्म ५१ जनालाई सडकआश्रित मानवलाई उद्दार गरिएको टिका थापाले जानकारी दिए । सो अवसरमा देवदह नगरपालिका र मानवसेवा आश्रमबिच सम्झौता भएको छ ।

देवदह नगरपालिकाका प्रमुख ध्रुवप्रसाद खरेल र मानवसेवा आश्रमका केन्द्रीय अध्यक्ष रामजी अधिकारीले सम्झौता पत्रमा हस्ताक्षर गरिएको छ । सहयोगापेक्षी बेसहारा सडकमानव मुक्त देवदह नगरपालिका र घोषणापश्चात्को पूर्ण कार्यान्वयनका लागि नगरपालिका र मानवसेवा आश्रमबिच सडक आश्रित सहयोगापेक्षी बेसहारा मानवहरुको व्यवस्थापन गर्ने गरी सम्झौत गरिएको हो ।

देवदह नगरपालिकालाई एक कार्यक्रमकाबिच जिल्ला समन्वय समिति रुपन्देहीका प्रमुख उमाकान्त चपाईंले सहयोगापेक्षी सडकआश्रित मानवमुक्त नगर घोषणाको प्रमाणपत्र प्रदान गरेका हुन् । सो अवसरमा बोल्दै प्रमुख चपाईंले मानवीय सेवा नै सबैभन्दा ठूलो धर्म भएकोले सडकमा आश्रित मानवको व्यवस्थापनमा सबै लाग्नु पर्नेमा जोड दिए । देशको राजनैतिक परिस्थितिका कारण रोकिएको कामलाई तीव्रता दिएकोले माघ महिनाभित्र जिल्लालाई सहयोगापेक्षी सडकआश्रित मानवमुक्त घोषण गर्ने उनले जनाए ।

देवदह नगरपालिका प्रमुख ध्रुवप्रसाद खरेलको अध्यक्षतामा भएको कार्यक्रममा मानवसेवा आश्रमका केन्द्रीय अध्यक्ष रामजी अधिकारी, प्रमुख प्रशासकीय अधिकृत मधुकृष्ण पौड्याल, नेपाली कांग्रेसका नगर सभापति गुनाखर भुर्तेललगायतले आ-आफ्ना भनाइ राखेका थिए । उप-प्रमुख विद्यालक्ष्मी गुरुङ्गको स्वागत र पर्शुराम ढकालको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

# नेपाल डेरी एसोसिएसन लुम्बिनी प्रदेशको छैठौं वार्षिक साधारणसभा तथा तेस्रो अधिवेशन




बुटवल । नेपाल डेरी एसोसिएसन लुम्बिनी प्रदेशको छैठौं वार्षिक साधारणसभा तथा तेस्रो अधिवेशन बिहीबार बुटवलमा सम्पन्न भएको छ । साधारणसभामा एसोसिएसनका पूर्व केन्द्रीय अध्यक्ष मेघराज भण्डारीले नेपाल दुधमा आत्मनिर्भर हुने अबस्थामा पुगेको बताउँदै डेरी क्षेत्रबाट मुलुकको जीडीपीमा ९ प्रतिशत योगदान रहेको जानकारी गराए । दुग्ध क्षेत्रको व्यावसायिक विकास र निर्यातका सम्भावनाहरुको खोजीका लागि सक्रिय रहेको एसोसिएसनले देशभरका उद्योगीलाई समेटेर दुग्ध क्षेत्रको विकासमा निरन्तर काम गरिरहेको उनले बताए । वि.सं. २०५५ सालमा स्थापना भएको एसोसिएसनले हाल देशभर सातै प्रदेश, ४० जिल्ला र १५० नगर कमिटिमार्फत् दुग्ध व्यवसायीहरूको राष्ट्रिय छाता संगठनका रूपमा काम गरिरहेको उनले जानकारी दिए । पूर्व अध्यक्ष भण्डारीका अनुसार दुग्ध क्षेत्रबाट मुलुकको राजस्वमा वार्षिक १ अर्ब बढीको योगदान हुँदै आएको छ भने ६ लाख जनालाई रोजगार दिन सफल भएको छ।

एसोसिएसनका लुम्बिनी प्रदेश थानेश्वर न्यौपानेले डेरी उद्योगको वर्तमान अवस्था, सम्भावना, समस्या र भावी कार्ययोजनाबारे जानकारी गराए। उनले प्रस्तुत गरेको प्रतिवेदन अनुसार लुम्बिनी प्रदेश दुग्ध उत्पादनका हिसाबले अग्रणी क्षेत्र हो । प्रदेशमा करिब २ सय डेरी उद्योग दर्ता भई सञ्चालनमा रहेका छन् भने करिब १ हजार साना तथा घरेलु डेरी व्यवसाय सञ्चालनमा छन् । दैनिक करिब १५ लाख लिटर दूध उत्पादन हुनेमध्ये ५ लाख लिटर दुध मात्र डेरी उद्यागगमार्फत् औपचारिक रूपमा खपत हुने गरेको छ, भने अनौपचारीक रुपमा १० लाख लिटर उत्पादन भइ खपत भइरहेको अबस्था छ । जसबाट करिब एक लाख परिवार आश्रित छन् ।

नेपाल राष्ट्र बैंक लुम्बिनी प्रादेशिक कार्यालय भैरहवाका प्रमुख रमेश आचार्यले देशको अर्थतन्त्र भलायमान बनाउन डेरी क्षेत्रको भूमिका महत्वपूर्ण रहेको बताए । सरकारले सहुलियतपूर्ण कर्जासम्बन्धी एकीकृत कार्यविधि २०७५ खारेज गर्दै सहुलियतपूर्ण कर्जाका लागि सहुलियतपूर्ण ब्याज अनुदान सम्बन्धी कार्यविधि २०८२ जारी गरेको उनले बताए।

नेपाल दुग्ध विकास संस्थान, लुम्बिनी दुग्ध वितरण आयोजना प्रमुख कृष्णप्रसाद अर्यालले अहिले दुधको भुक्तानीमा समस्या नरहेको बताए। किसानलाई गत मंसिर महिनासम्मको सबै भुक्तिनी भइसकेको उनले जनाए । कात्तिकदेखि चैतसम्म माग भन्दा धेरै दुध उत्पादन हुनुपर्ने भएपनि दुधको उत्पादन घट्दै गएको उनले जानकारी गराए।

केन्द्रीय दुग्ध उत्पादक सहकारी संघका केन्द्रीय सदस्य हरि काफ्ले कृषिबाट समृद्धि हासिल गर्नका लागि सरकारले यूवालाई स्वदेशमै बसेर काम गर्ने वातावरण तयार गर्नुपर्ने बताए । डेरी व्यवसायी संघ रुपन्देहीका अध्यक्ष विष्णु पाण्डेले नेपाललाई दुधको हब बनाउन तथा दुग्धजन्य उत्पादन निर्यातमा जोड दिनुपर्ने जनाए। पत्रकार हरिष ढकालले दूध तथा दुग्धजन्य पदार्थको गुणस्तर र स्वस्थ प्रतिस्पर्धामा ध्यान दिनुपर्ने बताए। सोही अवसरमा उदाहरणीय काम गरेका दुग्ध क्षेत्रका किसान, उद्योगी तथा विभिन्न संघसंस्था र व्यक्तीहरुलाई सम्मानसमेत गरिएको थियो।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको
लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही

विगत १५ वर्षदेखि
तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com